बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

As at Fourth Quarter (32/03/2068) of the Fiscal Year 2067/2068 (2010/2011)

Rs In '000'

S. N.	Particulars	This Quarter ending 32/03/2068 (16/07/2011)	Previous Quarter ending 30/12/2067 (13/04/2011)	Corresponding Previous Year Quarter ending (Audited) 32/03/2067 (16/07/2010)
1	**Total Capital & Liabilities (1.1 to 1.7)**	**25,251,687**	**23,213,688**	**23,780,739**
1.1	Paid-up Capital	1,359,481	1,359,481	1,359,481
1.2	Reserves and Surplus	1,303,421	1,165,334	714,049
1.3	Debenture and Bond	200,000	200,000	200,000
1.4	Borrowings	464,900	375,000	300,000
1.5	**Deposits (a+b)**	**21,018,417**	**19,251,430**	**20,315,834**
	a. Domestic Currency	19,321,155	17,716,830	18,924,814
	b. Foreign Currency	1,697,262	1,534,600	1,391,020
1.6	Income Tax Liabilities	-	-	-
1.7	Other Liabilities	905,468	862,443	891,376
2	**Total Assets (2.1 to 2.7)**	**25,251,686**	**23,213,688**	**23,780,739**
2.1	Cash & Bank Balance	1,678,931	1,314,840	1,798,367
2.2	Money at call and short Notice	479,920	278,352	931,989
2.3	Investments	4,286,599	3,135,993	3,269,205
2.4	**Loans & Advances (a+b+c+d+e+f)**	**17,956,951**	**17,552,302**	**17,044,299**
	a. Real Estate Loan	1,752,854	1,753,887	1,967,743
	1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 80 Lacs)	170,057	180,471	193,863
	2. Business Complex & Residential Apartment Construction Loan	220,322	217,028	223,692
	3. Income generating Commercial Complex Loan	201,290	201,123	190,354
	4. Other Real Estate Loan (Including Land Purchase & Plotting)	1,161,185	1,155,265	1,359,834
	b. Personal Home Loan of Rs. 80 Lacs or less	1,267,691	1,276,432	1,369,299
	c. Margin Type Loan	132,910	149,875	186,975
	d. Term Loan	2,381,944	2,220,429	1,777,591
	e. Overdraft Loan / TR Loan / WC Loan	9,075,540	8,853,783	8,936,809
	f. Others	3,346,013	3,297,897	2,805,881
2.5	Fixed Assets	526,983	514,096	491,295
2.6	Non Banking Assets	3,944	3,944	3,944
2.7	Other Assets	318,358	414,161	241,641
3	**Profit and Loss Account**	**Upto this Quarter**	**Upto previous Quarter**	**Upto corresponding Previous Year Quarter**
3.1	Interest Income	2,386,780	1,733,050	1,870,847
3.2	Interest Expense	1,218,790	874,832	902,928
	A. Net Interest Income (3.1-3.2)	**1,167,990**	**858,218**	**967,919**
3.3	Fees Commission and Discount	168,508	125,965	160,065
3.4	Other Operating Income	79,726	60,909	73,926
3.5	Foreign Exchange Gain/Loss (Net)	122,098	94,270	140,785
	B. Total Operating Income (A+3.3+3.4+3.5)	**1,538,322**	**1,139,362**	**1,342,695**
3.6	Staff Expenses	196,170	142,983	168,513
3.7	Other Operating Expenses	285,992	213,225	294,457
	C. Operating profit Before Provision (B-3.6-3.7)	**1,056,160**	**783,154**	**879,725**
3.8	Provision for Possible Loss	152,748	113,387	119,401
	D. Operating profit (C-3.8)	**903,412**	**669,767**	**760,324**
3.9	Non Operating Income/Expenses (Net)	5,464	874	2,918
3.10	Write Back of Provision for Possible Loss	43,359	38,523	41,818
	E. Profit From Regular Activities (D+3.9+3.10)	**952,235**	**709,164**	**805,060**
3.11	Extraordinary Income/Expenses (Net)	675	-	-
	F. Profit Before Bonus and Taxes (E+3.11)	**951,560**	**709,164**	**805,060**
3.12	Provision For Staff Bonus	86,505	64,469	73,187
3.13	Provision For Tax	259,903	193,408	222,610
	G. Net Profit/Loss (F-3.12 -3.13)	**605,152**	**451,287**	**509,263**
4	**Ratios**	**At the end of This Quarter**	**At the end of Previous Quarter**	**At the end of corresponding Previous Year quarter**
4.1	Capital Fund to RWA	12.61%	12.34%	10.85%
4.2	Non Performing Loan (NPL) to Total Loan	1.82%	1.97%	1.52%
4.3	Total Loan Loss Provision to total NPL	149.77%	131.63%	146.18%
4.4	Cost of Funds (Local Currency)	6.79%	6.53%	5.08%
4.5	CD Ratio (Calculated as per NRB Directives)	78.54%	83.90%	81.02%
	Additional Information			
	Average Yield (Local Currency)	11.81%	11.55%	9.70%
	Net Interest Spread (Local Currency)	5.03%	5.02%	4.62%
	Return on Equity	25.09%	25.72%	24.65%
	Return on Assets	2.53%	2.56%	2.25%

Note: 1. The unaudited financial figure may change if directed by Statutory Auditor/ Supervisory Authorities
2. Figures of previous periods have been regrouped wherever necessary as per NRB Directives.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम (२) अनुसूची-१४ सँग सम्बन्धित त्रैमासिक प्रतिवेदन । (चौथो त्रयमास, २०६७/०६८)

(१) वित्तीय विवरणः आर्थिक वर्ष २०६७/०६८ को चौथो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण सगै प्रकाशन गरिएको छ र यस बैंकको वेवसाईटः http://www.bok.com.np मा पनि राखिएकोछ भने प्रमुख सुचकाँक तथा वित्तीय जानकारी निम्नानुसार रहेका छन्ः

प्रति शेयर आम्दानी (वार्षिकीकरण)	रू.४४.५१
मूल्य आम्दानी अनुपात (वार्षिकीकरण)	१२८१%
प्रति शेयर नेटवर्थ	रू.१९५८८
प्रति शेयर कूल सम्पत्ति मूल्य	रू.१,८५७.४५
तरलता अनुपात	२४.५२%
पूँजीकोष अनुपात	१२.६१%

(२) व्यवस्थापकीय विश्लेषण : गत त्रयमासको वैशाखमा अन्तरबैंक कारोवार व्याजदर अधिकत् १२.५०% मा पनि कारोवार भएको थियो । यस त्रयमासमा केही वित्तीय संस्थाहरू तरलता अभावका कारण भन्दै नेपालको इतिहास मै पहिलो पटक नेपाल राष्ट्र बैंक समक्ष तरलता सम्बन्धी पुर्नकर्जा माग गर्न पुगेका थिए भने केही वित्तीय संस्थाहरू (संस्थागत सुशासनका कारण भनिएको) सञ्चालनमा अवरोध पुगेको समाचारहरू आएका कारण समग्र वित्तीय संस्था प्रति नै जनविश्वासमा कमि आउने अवस्था रह्यो । यसैका कारण साना वित्तीय संस्थाहरूमा व्याजदरको चाप पर्न गयो भने निक्षेप बजारमा निकै हल्लिखल्लि नै मच्चियो ।

गत आर्थिक वर्ष देखि नै विभिन्न प्रचारका कारण बैंकिङ्ग क्षेत्र प्रति सर्वसाधारणको आत्मवलमा स्पष्ट रूपमा वृद्धि हुन नसकि निक्षेपमा अपेक्षित वृद्धि नभएको वेला यस बैंकको भने चैत्र २०६७ बाट आषाढ २०६८ मा कूल निक्षेपमा करीव ९.१८% ले वृद्धि हुनगएकोछ । अनुत्पादक भनिएका कर्जा सम्बन्धमा गरिएका केही कडा कदमका कारण शेयरबजार र घरजग्गा कारोवारमा गिरावट आई कर्जा पुर्नभुक्तानीमा ढिलाई हुन गएका कारण क्रमशः तरलता अभाव गहिरिदै गएको र यो समस्या तत्काल समाधान हुने अवस्था वा विन्दु नरहेको देखिएकाले महँगो व्याजदरको निक्षेपबाट कर्जा वृद्धि गर्ने कार्यलाई प्रोत्साहन नगरी भएको सम्पत्ति/दायित्वलाई नै व्यवस्थित गर्ने कार्य गरेकाले सो अवधीमा कर्जा २.३१% ले मात्र वृद्धि गरी बरू सरकारी ऋणपत्रहरूमा लगानी बढाउने कार्य गरिएको छ । कुनै पनि तरलता अभावको अवस्था नपरोस भन्नाको लागि बैंकको नीति बमोजिम यस अवधिमा सरकारी ऋणपत्रहरूमा करीव रू.१ अर्वले नै लगानी वृद्धि गरिएको छ ।

त्यस्तै, गत आ.व.को सोही अवधीको (आषाढ मसान्त) अपरिष्कृत वित्तीय विवरणसंग तुलना गर्दा, खुद व्याज आम्दानीमा करीव २१ प्रतिशतले, सञ्चालन मुनाफामा (नोक्सानी व्यवस्थापछिको) करीव १९ प्रतिशतले र खुद मुनाफामा पनि करीव १९ प्रतिशतले नै वृद्धि हुन गएको छ, जुन यस आ.व.मा बैंकिङ्ग क्षेत्रमा भएका घटना क्रम हेर्दा सफल नैरहेको मान्न सकिन्छ ।

त्यसैगरी, नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनहरू बमोजिमका तोकिएका सवै सुचकाँङ्कहरू पनि मापदण्ड बमोजिम नै रहेका छन भने यस आर्थिक वर्ष २०६७/६८ को आषाढ मसान्तमा पाकेको व्याज श्रावण मसान्तसम्म असुली भएपनि आषाढको हिसावमा आम्दानी जनाउन पाउनेगरि नेपाल राष्ट्र बैंकले छुट दिएको भएता पनि यस बैंकले त्यस्तो व्याज आयलाई संलग्न आषाढको वित्तीय विवरणमा जनाइएको छैन ।

(३) कानुनी कारवाही सम्बन्धी विवरणः यस त्रयमासमा बैंकले वा बैंकको विरूद्ध कुनै व्यावसायिक कारोवार सम्बन्धी बैंकको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको वा कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको विषयमा यस बैंकलाई सम्बन्धीत अदालतबाट कुनै म्याद वा सूचना प्राप्त नभएको र बैंकले पनि त्यस्तो प्रकृतिको मुद्दा दायर नगरेको ।

(४) बैंकको यस आ.व.को चौथो त्रयमासको शेयर कारोवार सम्बन्धी विश्लेषणः दोस्रो बजारमा हुने शेयर कारोवारको मूल्य माग र आपूर्तिको सिद्धान्त तथा देशको समग्र आर्थिक स्थितीमा आधारित हुने भएकाले बैंकको यस सम्बन्धमा कुनै विशेष धारणा रहेकोछैन ।

अधिकतम् मूल्य	: रू.६०९/
न्यूनतम्मूल्य	: रू.३६३/
अन्तिम मूल्य	: रू.५७०/
कारोवार भएको कूल दिन	: ६०
कारोवार संख्या	: ३,५०,६२४

(५) समस्या तथा चुनौतीः

वाह्यः
- बैंक तथा वित्तीय संस्थाहरूको स्थापना वा स्तरोन्नति हुने क्रम रहेबाट यी संस्थाहरूबीच उत्पन्न प्रतिस्पर्धाबाट हुनसक्ने संभावित जोखिमहरू ।
- केन्द्रीय बैंकको नीति वा निर्देशन अनुसार व्याजदरमा हुने परिवर्तनले उत्पन्न हुन सक्ने संभावित जोखिमहरू ।
- सरकार वा केन्द्रीय बैंकले बैंकसम्बन्धी नीति-निर्देशनमा परिवर्तन गर्दा सिर्जना हुनसक्ने संभावित जोखिमहरू ।
- राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट सिर्जना हुनसक्ने संभावित जोखिमहरू ।
- विदेशी विनिमय कारोबार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुनसक्ने जोखिमहरू ।
- कर्जा तथा लगानीको दायरा साँघुरिएर उत्पन्न हुनसक्ने जोखिमहरू ।
- अन्तर्राष्ट्रिय रूपमा हुने आर्थिक तथा वित्तीय क्षेत्रको शिथिलताबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरू ।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्नसक्ने जोखिमहरू ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट पर्नसक्ने जोखिमहरू ।

आन्तरिकः
- बैंकबाट प्रदान गरिने दीर्घकालीन, मध्यकालीन, चालू पूँजी कोषमा आधारित कर्जा तथा प्रतीत-पत्र/जमानत-पत्र जारी गर्ने जस्ता गैर-कोषीय सेवाहरू उपलब्ध गराउँदा हुनसक्ने संभावित जोखिमहरू ।
- निक्षेप, कर्जा र लगानी व्याजदरमा हुने परिवर्तनबाट असर गर्ने जोखिमहरू ।
- समयमा कर्जा असुली नभई उत्पन्न हुने आर्थिक जोखिमहरू ।

रणनीतिः

बैंकको कर्जा तथा सापट र लगानी खराब भई तथा विनिमयदर परिवर्तनबाट हुन सक्ने जोखिमहरूको Cushion का लागि बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन तथा आफ्नै विश्लेषणद्वारा सोही आर्थिक वर्षको नाफाबाट कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी-नोक्सानी वापतको व्यवस्था, सटही घटबढ कोष जस्ता कोषहरूको व्यवस्था गर्ने गरेको छ । यस बाहेकका वाह्य कारणहरूबाट श्रृजना हुनसक्ने जोखिम व्यवस्थापनका लागि बैंक चनाखो भई सम्भावित हानी-नोक्सानी हुन नदिन वा न्यूनः गर्न प्रतिबद्ध रहेको छ ।

(६) संस्थागत सुशासनः बैंकको संस्थागत सुशासनका लागि गरिएका स्थायी व्यवस्थाहरू निम्न रहेका छन्ः
- ५८.१९% सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व रहेको यस बैंकमा शेयरधनीहरूको तर्फबाट कूल ७ जना मध्ये ४ जना संचालकहरूले सो समूहको प्रतिनिधित्व गर्ने व्यवस्था रहेको छ ।
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको सूची मध्येको एक स्वतन्त्र व्यावसायिक सञ्चालक नियुक्तिको व्यवस्था रहेको छ ।
- बैंकमा तोकिए बमोजिमका संचालक सदस्यहरूको लेखापरीक्षण समिति रहने व्यवस्था रहेको छ ।
- प्रचलित नियम, कानूनहरूको अनुपालनाका लागि बैंकमा कार्यगत प्रकृया नै सोही ढाँचामा निर्माण गरिएको छ र यसको अनुगमन अनुपालना विभागका साथै लेखापरीक्षण समितिबाट समेत हुने गरेको छ ।

(७) त्रैमासिक अवधिको मुख्य घटनाः उल्लेख्य घटना नभएको ।

(८) कार्यकारी प्रमुखको उद्घोषणः आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जानेबुझे सम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।